## आ.व.२०८२।८३ को बाह्रौं कार्यपालिका बैठक

आज मिति २०८२।११।२८ गते रामी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९ | वरिष्ठ शिक्षा अधिकृत | | |
| २० | वरिष्ठ लेखा अधिकृत | श्री लेखा भण्डारी | |
| २१ | सहायक कृषि विकास अधिकृत | श्री वरसाती गडरिया | |
| २२ | पशु विकास अधिकृत | श्री दामोदर आचार्य | |
| २३ | वरिष्ठ लेखा सहायक | श्री देशराज अधिकारी | |
| २४ | इन्जिनियर | श्री अशोक बटवाल | |
| २५ | प्रशासकीय अधिकृत | श्री विकास लवाली | |
| २६ | | | |

आ.व. २०८२।८३
बैठक नं.-१२
मिति २०८२।११।२८

**मिति २०८२।११।२८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| २ | स्थापना दिवस सम्बन्धमा। | देविकोट दर्शन दौड सहित भव्यताका साथ सम्पन्न गर्ने । | |
| ३ | घर नक्सा अभिलेखिकरण कार्यविधि २०७५ को दोस्रो संसोधन सम्बन्धमा। | कार्यविधि स्विकृत गर्ने | |
| ४ | सिफारिस रोक्का सम्बन्धमा। | नक्सा पास विना आएका घरको विद्युत तथा खानेपानी जडानमा सिफारिस रोक्का गर्ने | |
| ५ | लामाखोला ट्रस निर्माण योजना सम्बन्धमा | स्रोत सुनिश्चित गरी योजना कार्यान्वयन गर्ने | |
| ६ | स्टक नविरकण सम्बन्धमा। | कानुनी रायका लागि प्रदेश सरकारमा पठाउने। | |
| ७ | थकरीकोट खानेपानी आयोजना मर्मत सम्बन्धमा। | स्रोत सुनिश्चित गरी योजना कार्यान्वयन गर्ने | |
| ८ | गहुँ उत्पादन उत्कृष्टता कृषक सम्मान कार्यक्रम संचालन कार्यविधि २०८२ सम्बन्धमा। | कार्यविधि स्विकृत गर्ने । | |
| ९ | श्री रात्री प्राथमिक विद्यालय राप्ती ४ मौरीघाटको पठनपाठन | गाउँ शिक्षा समितिको सिफारिस कार्यान्वयन गर्ने । | |
| १० | विद्यालय अनुमति सम्बन्धमा | गाउँ शिक्षा समितिको सिफारिस कार्यान्वयन गर्ने । | |

आ.व. २०८२।८३
बैठक नं.-१२
मिति २०८२।११।२८

**मिति २०८२।११।२८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** - राप्ती गाउँपालिकाको नवौं स्थापना दिवस देविकोट दर्शन दौड सहित भव्यताका साथ सम्पन्न गर्ने ।

**निर्णय नं.३** – राप्ती गाउँपालिकाको घर नक्सा अभिलेखिकरण कार्यविधि २०७५ को दोस्रो संसोधन २०८२ स्विकृत गर्ने।

**निर्णय नं. ४-** राप्ती गाउँपालिका क्षेत्र भित्र नयाँ बन्ने घरहरु निर्माण गर्दा घर नक्सा पासलाई प्रभावकारी रुपमा लागु गर्नका लागि घर नक्सा पास नगरी आएका घरहरुमा विद्युत र खानेपानी जडानको सिफारिसलाई रोक्का गर्ने। वडाको सिफारिस विना विद्युत तथा खानेपानी जडान नगर्नका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने।

**निर्णय नं.५-** राप्ती गाउँपालिका वडा नं.९ स्थित लामाखोला ट्रस निर्माण आयोजनाका लागि लागत अनुमान बमोजिमको अपुग रकम रु २१ लाख आगामी गाउँसभाबाट सुनश्चित गर्ने गरी योजना कार्यान्वयन अगाडि बढाउने।

**निर्णय नं.६-** भाग्यलक्ष्मी निर्माण सेवाद्धारा वडा नं.३, बसन्तापुरमा घाटगद्धि गरी राखेको नदिजन्य पदार्थको स्टक नविकरण सम्बन्धमा कानुनी व्यवस्थामा स्पष्ट हुन नसकेकोले सो को रायका लागि प्रदेश सरकारमा पठाउने साथै राय प्राप्त नभए सम्मका लागि नविकरण सम्बन्धी कारवाही पकृया अगाडी नबढाउने ।

**निर्णय नं. ७-** राप्ती गापा वडा नं.५ स्थित थकरीकोट खानेपानी मर्मत सम्भार योजना कार्यान्वयनका लागि लागत अनुमान बमोजिमको रकम आगामी गाउँसभाबाट स्रोत सुनिश्चितता गर्ने गरी योजना कार्यान्यवन गर्ने।

**निर्णय नं.८-** राप्ती गाउँपालिकाको गहुँ उत्पादन उत्कृष्टता कृषक सम्मान कार्यक्रम संचालन कार्यविधि २०८२ स्विकृत गर्ने।

**निर्णय नं.९-** राप्ती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को नियम १८ र १९ बमोजिम यस गाउँपालिका अन्तरगत श्री रात्री प्राथमिक विद्यालय राप्ती ४ मौरीघाटको पठनपाठन चालु शैक्षिक सत्र २०८२।११।२५ देखि स्थगित गरी उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीलाई नजिकको विद्यालयमा पठाउने र विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई हाललाई श्री माध्यमिक विद्यालय मौरीघाटमा कार्य गर्ने गरी खटाउने र आगामी शैक्षिक सत्रमा शिक्षकहरुलाई विद्यालयमा उपलब्ध विद्यार्थी संख्यालाई आधारमानी पहिलो चरणमा सम्बन्धित वडाभित्रको विद्यालयमा मिलान गर्ने पकृया अगाडि बढाउने ।

**निर्णय नं. १०** – राप्ती गाउँपालिकाको गाउँ शिक्षा समिति बैठकले राप्ती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को नियम १५ बमोजिमका विद्यालयको कक्षा थप सम्बन्धमा सिफारिस गरे बमोजिम तपशिल बमोजिम निर्णय गर्ने ।

तपसिल

| क्र.स | बाल | ठेगाना | कक्षा थप माग गरेको विवरण | अनुमति प्रदान गर्ने वा नगर्ने | कारण |
|---|---|---|---|---|---|
| १ | नुतन बाल उद्यान प्राथमिक विद्यालय | राप्ती-५, सिंगे | कक्षा ५ | कक्षा ५ थप नगर्ने | विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्यून |
| २ | बाल स्नेही मन्टेश्वरी | राप्ती-५, कमलरोड | मनन्टेश्वरी कक्षा | मनन्टेश्वरी कक्षा अनुमति प्रदान गर्ने | पूर्वाधार पुरा भएको देखिएकोले अनुमति प्रदान गर्ने |
| ३ | चन्द्रज्योती इंगलिस स्कूल | राप्ती-२ लालमटिया | कक्षा १० | कक्षा १० अनुमति प्रदान गर्ने | पूर्वाधार पुरा भएको देखिएको अनुमति प्रदान गर्ने |
| ४ | गोल्डेन फ्युचर इंगलिस स्कूल | राप्ती-८ बिजौरी | कक्षा ११ | कक्षा ११ अनुमति प्रदान नगर्ने | पूर्वाधार पुरा भएको नदेखिएको |
| ५ | ब्राइट फेमेली एकेडेमी | राप्ती-४, मौरीघाट | कक्षा ५ | कक्षा ५ थप गर्न अनुमति दिने | पूर्वाधार पुरा भएको देखिएकोले अनुमति प्रदान गर्ने |
| ६ | राप्ती गंगा प्राथमिक विद्यालय | राप्ती-१, शान्तिपुर चैते | कक्षा ६ | कक्षा ६ थप नगर्ने | विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्यून |
| ७ | मदरर्सा दारुल हुँदा प्राथमिक विद्यालय | राप्ती-१, भालुवाङ | कक्षा १ | कक्षा १ का लागि अनुमति नदिने | |
| ८ | देवी आधारभूत विद्यालय | राप्ती-९ मसेरीडाँडा | कक्षा ८ | कक्षा ८ अनुमति प्रदान गर्ने | भौगोलिक विकटता रहेको र औषत विद्यार्थी संख्या भएकोले अनुमति प्रदान गर्ने |